राजपुर नगरपालिका
Rajpur Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of The Municipal Executive
राजपुर, रौतहट
Rajpur, Rautahat
प्रदेश नं. २, नेपाल
Province No. 2, Nepal
E-mail : ito@rajpurrautahat.gov.np
www.rajpurmunrautahat.gov.np

पत्र संख्या :- २०७६।०७७
चलानी नं.:- १२५२

मिति :- २०७७।०१।२९

विषय :- योजना छनौट गरी पठाउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
राजपुर नगरपालिकाको कार्यालय, राजपुर, रौतहट

प्रस्तुत विषयमा यस नगपालिकाको आ.व.२०७७/०७८ को बजेट तथा कार्यक्रम तयारीका लागि वडाले आफ्नो आवश्यकताको आधारमा निम्न अनुसारका विषयलाई ध्यान दिई योजना छनौट गरेर आयोजनाहरुको प्राविधिकरण गरी विषय क्षेत्रगत रुपमा छुट्याई यसै साथ अनुसुचीमा विवरण समावेश गरी वडा भेला सम्पन्न भएका मितिले ३ (तीन) दिन भित्र योजना शाखामा पठाई दिनु हुन अनुरोध छ ।

क) **योजना छनौट गर्दा ध्यान दिनुपर्ने विषयहरु :**

१) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ।
२) उत्पादन मूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।
३) महिलाको जीवन स्तर, आम्दानी र रोजगारी बढ्ने ।
४) स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्यवम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लागने ।
५) स्थानीय श्रोत, साधन र सीपको अधिकत्तम प्रयोग हुने ।
६) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
७) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने ।
८) दिगो विकास वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुग्ने ।

ख) वडा स्तरीय योजना छनौट गर्दा स्थानीय बुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाबिद, सिमान्कृत तथा महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, आपांगता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत सरोकारवालाहरुको सहभागिता गराउनु पर्ने छ ।

ग) पूर्वाधार विकासमा योजना छनौट गर्दा १० लाख भन्दा कम लागतको योजना छनौट नगर्ने ।

घ) वडामा योजना छनौटको भेला कार्यक्रम गर्दा १५ हजारमा नबढ्ने गरी खर्च गर्न सकिने छ ।

ङ) योजना छनौट गर्दा हालै फैलिएका कोभिड-१९ रोकथाम तथा नियन्त्रण गर्ने गरी योजना तथा कार्यक्रम छनौट गर्नु पर्नेछ ।

**(नोटः योजना छनौट गरी पठाउनको लागि अनुसुचि यसै साथ संलग्न छ ।)**

(बैजु ठाकुर)
नि.प्रमुख प्रशासकीय अधिकृत

## वडास्तरीय योजना तथा कार्यक्रमहरु छनौटका आधारहरु

नगरपालिका क्षेत्र भित्रका सबै बस्ती र टोलाहरुमा आफू वा कुनै सदस्यहरुलाई सहभागि गराई स्थानीय जन समुदायहरुसँग उनीहरुबाट अति आवश्यक देखिएका कुराहरु टिपोट गरी ल्याउने र वडा समितिमा छलफल गरी अति आवश्यक कोभिड-१९ कोरोना भाईरसको महामारीबाट बच्नका लागी देखिएका तत्कालका लागि गरिदिनु पर्ने कार्यहरुलाई पहिलो प्राथमिकतामा राखी बजेटको परिधिभित्र रही छनौट गरिनु पर्ने । यसरी योजनाको छनौटका बखत आवश्यकता अनुसार अन्य विषयका विज्ञहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा उल्लेख भए अनुसार**

१. आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान दिने आयोजनाहरु

२. उत्पादन मुलक तथा छिटो प्रतिफल दिन सक्ने आयोजनाहरु

३. जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने खालका

४. स्थानीय बासिन्दाहरुको सहभागितामा जुट्ने, लागत कम लाग्ने खालका योजनाहरु

५. महिला बालबालिका तथा पिछिडएका वर्ग, क्षेत्र, समुदायलाई लाभ पुग्ने खालका

६. दिगो विकास वातावरणीय संक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुग्ने योजनाहरु

### १. आर्थिक विकास क्षेत्र अन्तर्गत

कृषिमा सुधार पशुपालनमा सुधार, नस्ल सुधार कार्ययोजना, व्यापार व्यवसायमा विस्तार लगायत नगरवासिहरु कर तिर्न सक्ने अवस्थामा ल्याउन सकिने आदि जस्ता योजनाहरु

### २. सामाजिक विकास क्षेत्र अन्तर्गत

कोरोना भाईरस (कोभिड-१९) को महामारीबाट तत्काल जोग्नका लागि कार्ययोजनाहरु

शिक्षामा सुधार, स्वास्थ्यमा पहुँच, खानेपानी तथा सरसफाई, जनसंख्या व्यवस्थापन, संस्कृति प्रवर्द्धन गर्ने आदि जस्ता खालका योजनाहरु

### ३. भौतिक पूर्वाधार विकास क्षेत्र अन्तर्गत

सडक तथा पुल पुलेसाहरु, सिचाई, उर्जा, लघु उर्जा, संचार आदि जस्ता योजनाहरु

### ४. वातावरण तथा विपद व्यवस्थापन

जलाधार संरक्षण, वातावरण संरक्षण, वृक्ष्य रोपण, फोहोर मैला व्यवस्थापन, विपद व्यवस्थापन, शीतलहरलाई सहयोग पुग्ने आदि जस्ता कार्यक्रमहरु

### ५. संस्थागत विकास तथा सेवा प्रवाह

सामान्य सेवा प्रवाहका लागि कार्यालय व्यवस्थापन, सुरक्षा व्यवस्था, पंजिकरण व्यवस्थापन, तथ्यांक संकलन तथा अभिलेख व्यवसथापन, अन्यत्र कतै वर्गीकरण नभएका विषय

### ६. वित्तीय व्यवस्थापन तथा सुशासन

आर्थिक कारोबारमा सुधार हुने, पादर्शीता कायम गर्न अति आवश्यक देखिएका कुराहरु, अभिलेख व्यवस्थापन, सार्वजनिक सुनवाई, गुनासो व्यवस्थापन आदि जस्ता विषयहरु

### ७. लक्षित वर्ग

महिला शसक्तिकरण, बालबालिका हक हित सम्बन्धी, आपांगहरुका लागि सहायतका सामाग्री, जेष्ठ नागरिक सम्मान, पिछडिएका समुदायको उत्थान आदि जस्ता विषयहरु

## राजपुर नगरपालिका वडा नं ....

| वार्ड नं. ... | | वार्ड स्तरीय योजना | २०७७/०७८ |
|---|---|---|---|
| शिर्षक | सि.नं. | योजना तथा कार्यकमहरू | बिनियोजित रकम |
| आर्थिक विकास | १ | | |
| | २ | | |
| सामाजिक विकास | १ | | |
| | २ | | |
| भौतिक पूर्वाधार विकास | १ | | |
| | २ | | |
| बाताबरण तथा बिपद व्यवस्थापन | १ | | |
| | २ | | |
| संस्थागत बिकास | १ | | |
| | २ | | |
| बित्तिय व्यवस्थापन तथा सुशासन | १ | | |
| | २ | | |
| लक्षित बर्ग | १ | | |
| | २ | | |
| | | जम्मा रकम | |
| वैकल्पिक योजना | १ | | |
| | २ | | |
| | ३ | | |
| | ४ | | |
| | ५ | | |
| | ६ | | |
| | ७ | | |
| नगरको गौरव वृद्धि हुने प्रकृतिका योजुनाहरू | १ | | |
| | २ | | |
| प्रदेश सरकारमा माग गर्ने योजनाहरू | १ | | |
| | २ | | |
| | ३ | | |
| | ४ | | |
| | ५ | | |
| | ६ | | |
| केन्द्र सरकारमा माग गर्ने योजनाहरू | १ | | |
| | २ | | |
| | ३ | | |
| | ४ | | |
| | ५ | | |
| | ६ | | |